मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

६५ प्रतिशत बालबालिकाको रगतमा 'लेड'को मात्राः पृष्ठ २



◆ वर्ष : २६ ◆ अङ्क : ३२३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ कात्तिक १२ गते शुक्रवार (Friday, October 29. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

# बल्ल खुल्यो भद्रपुर नाका

## २० महिनापछि खुलेको नाकाबाट आवातजावत गर्न खोप कार्ड र परिचयपत्र अनिवार्य



पार्थ मण्डल

**झापा, कात्तिक ११।** झापाको भद्रपुर-गलगलिया सीमा नाका करिब २० महिनापछि सहज भएको छ।

कोरोना भाइरस (कोभिड-१९) महामारीले लामो समयदेखि बन्द राखिएको भद्रपुर-गलगलिया सीमा नेपाल सरकारले एक महिनाअघि खुला गर्ने निर्णय गरेको थियो।

तर, सीमामा तैनाथ भारतीय एसएसबीले माथिको आदेश नआएको भन्दै सो सीमा नाका बन्द राखेका थिए। भारतीय एसएसबीलाई मौखिक आदेश आएपछि बिहीबारदेखि नाका सहज भएको हो। भारतीय एसएसबीले खोपको मात्र पूरा गरेका व्यक्तिलाई खोप कार्ड वा ७२ घण्टाभित्रको पीसीआर रिपोर्ट र नेपाली नागरिकताको आधारमा भारत प्रवेश गर्ने अनुमति दिएको छ।

एसएबसीले सीमा हेल्थ डेस्क राखेर पैदलयात्रीलाई मात्र प्रवेश गर्न अनुमति दिएको जनाइएको छ। हाल दुई पाङ्ग्रे र चार पाङ्ग्रे सवारीसाधनलाई प्रवेश गर्न अनुमति नदिएको सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट भद्रपुरका इन्स्पेक्टर विभुराज दाहालले जानकारी दिए।

जिल्ला प्रशासन कार्यालय झापाले गत असोज १५ गते जिल्लाका सबै नाका खोल्ने निर्णय गरेको थियो। असोज १६ गते नै भद्रपुर सीमा नाकामा हेल्थ डेस्क राख्ने भद्रपुर नगरपालिका तयार भइसकेको थियो।

तर, भारतीय पक्षले नमानेपछि सीमा हेल्थ डेस्क त्यस बेला राखिएन। भारतीय पक्षले नाका सहज बनाए पनि सोमबार बिहान भद्रपुर नगरपालिकाले स्वास्थ्यकर्मीसहित हेल्थ डेस्क नराख्दा मेची पुलमा दुवै देशका नागरिकलाई नेपालतर्फका सुरक्षाकर्मीले रोकेर राखेका थिए। नगरपालिकाले हेल्थ डेस्क राखेपछि मेची पुलमा रोकेर राखिएका सर्वसाधारणलाई प्रवेश गर्न दिएको वडा प्रहरी कार्यालय भद्रपुरका इन्स्पेक्टर दलकुमार राईले जानकारी दिए।

हेल्थ डेस्कमा दुवै देशका नागरिकलाई खोप कार्ड, पीसीआर रिपोर्ट, नागरिकता, मतदाता परिचयपत्र देखाए मात्र आवतजावत गर्न दिने उनले बताए। अहिले काम विशेषले भारत जाने र आउनेलाई सहज बनाएको बताउँदै उनले भने- घरायसी किनमेल, निजी सवारी साधनमाथि पूर्ण रुपमा रोक लगाइएको छ।

यता झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले नाका सहज भएको बारेमा जानकारी गराएसँगै एक जना स्वास्थ्यकर्मी परिचालन गरी हेल्थ डेस्क राखिसकेको भद्रपुर नगरपालिकाका मेयर


(बाँकी अन्तिम पृष्ठमा)

# कोभिड खोपले दुर्लभ स्नायुरोगः अनुसन्धान

**झापा, कात्तिक ११।** कोभिड-१९ विरुद्ध खोप लगाएपछि स्नायु सम्बन्धी दुर्लभ समस्या उत्पन्न हुनसक्ने अनि त्यस्तो जोखिम कोभिड हुने व्यक्तिमा निकै बढी हुने नयाँ अनुसन्धानले जनाएको छ।

कोभिड खोपले स्नायुप्रणालीमा पार्ने प्रभावबारे यूकेमा अध्ययन भएको थियो। चिकित्सकहरूले सो अध्ययनबाट खोप लगाउँदा मानिसको समग्र स्वास्थ्यमा उत्कृष्ट सुरक्षा पुग्ने थप सुनिश्चित भएको देखिएको बताएका छन्।

कोभिड खोपका कारण परेका दुर्लभ दुष्प्रभाव पत्ता लगाउन अनुसन्धानकर्ताहरूले राष्ट्रिय स्वास्थ्य सेवा एनएचएसबाट इङ्ल्याण्डका ३.२ करोड वयस्कका विवरणहरू केलाएका थिए।



उनीहरूको शोध ख्यातिप्राप्त जर्नल नेचर मेडिसिनमा प्रकाशित भएको छ। अक्सफर्ड र एडिन्बरा यूनिभर्सिटीका वैज्ञानिकहरूले कोभिडको पहिलो खोप लगाएका मानिस र कोभिड पुष्टि भएका मानिसमा एक महिनाभित्र हुने स्नायु प्रणालीको समस्याको तहको तुलना गरेका थिए।

**कस्तो दुर्लभ अवस्था ?**

उनीहरूले हेर्न खोजेको एउटा दुर्लभ अवस्था गियाड्-बारे सिन्ड्रोम (जीबीएस) थियो जुन कैयौँ सङ्क्रामक रोग र अन्य खोपसँग सम्बन्धित छ।

जीबीएस हुँदा स्नायुमा सुजन तथा दाह हुने र त्यसबाट शरीरमा संवेदनशून्यता, निर्बलता र पीडा हुनसक्छ। त्यस्तो समस्या प्रायः पैताला र हातगोडामा देखिन्छ। छाती र अनुसारमा पनि त्यो फैलिन सक्छ।

यसको उपचार सम्भव छ र धेरैजसो बिरामी पूर्ण रूपमा निको हुन्छन्। केही मानिसका लागि भने त्यस्तो समस्या निकै गम्भीर र घातक बन्न सक्छ।

(बाँकी अन्तिम पृष्ठमा)

त्रिभुवन विश्व विद्यालयबाट सम्बन्धन प्राप्त

## कनकाई बहुमुखी क्याम्पस

कनकाई नगरपालिका सुरुङ्गा, झापा

## चन्दा, सहयोग आव्हान सम्बन्धी सूचना

मिति : २०७८/०७/१२

यस कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापाको आन्तरिक गुणास्तर र भौतिक पक्ष सुधार गर्दै QAA प्रमाण पत्र प्राप्त गर्न क्याम्पसबाट विभिन्न कार्यहरु सम्पादन गर्दै आएको र दुई पटकको कोभिड-१९ को प्रभावबाट क्याम्पसको आर्थिक अवस्था थप सुधार गर्नुपर्ने देखिएकाले मिति २०७८/०८/२५ गते शनिबार सम्पन्न गरिने क्याम्पस सभामा नाम समावेश हुने गरी यस क्याम्पसका इच्छुक, शुभचिन्तक, सरोकारवाला, समाजसेवी, महानुभावहरुबाट मिति २०७८/०८/२४ गते शुक्रबार ५:०० बजेसम्ममा कम्तीमा सल्लाहकार चन्दादाताको हैसियत प्राप्त गर्ने गरी न्यूनतम रु. १०,०००/- चन्दा सहयोग क्याम्पसलाई प्रदान गर्न सकिने तथा यस अघि क्याम्पसलाई चन्दा दान गर्नुहुने महानुभावहरुले चन्दादाताको वर्गीकरण अनुसार रकम थप गरी सल्लाहकार चन्दादाता वा सो भन्दा माथिको हैसियत कायम गर्न इच्छुक, शुभचिन्तक, सरोकारवाला, समाजसेवी महानुभावहरुलाई तोकिएको मितिभित्रमा क्याम्पसलाई आर्थिक सहयोग प्रदान गर्न सकिने कुरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। हाल क्याम्पसको मौजुदा विधान बमोजिम कायम रहेको विभिन्न चन्दादाताहरुको वर्गीकरण निम्न बमोजिम रहेको व्यहोरा समेत सूचित गरिएको छ।

| क्र.सं. | चन्दादाता | रकम (अंकमा) | रकम (अक्षरमा) |
|---|---|---|---|
| १ | बरिष्ठ संरक्षक चन्दादाता | रु.१,००,०००।- | एक लाख रुपैयाँभन्दा माथि |
| २ | संरक्षक चन्दादाता | रु.५०,०००।- देखि रु.९९,९९९।- | पचास हजारभन्दा बढी उनान्सय हजार नौ सय उनान्सयसम्म |
| ३ | बरिष्ठ सल्लाहकार चन्दादाता | रु.२५,०००।- देखि रु.४९,९९९।- | पच्चिस हजारभन्दा बढी उनान् पचास हजार नौ सय उनान्सय सम्म |
| ४ | सल्लाहकार चन्दादाता | रु.१०,०००।- देखि रु.२४,९९९।- | दास हजारभन्दा बढी चौकिस हजार नौ सय उनान्सयसम्म |
| ५ | सहयोगी चन्दादाता | रु.५,०००।- देखि रु.९,९९९।- | पाँच हजारभन्दा बढी नौ हजार नौ सय उनान्सयसम्म |
| ६ | साधारण चन्दादाता | रु.१,०००।- देखि रु.४,९९९।- | एक हजारभन्दा बढी चार हजार नौ सय उनान्सयसम्म |
| ७ | सामान्य चन्दादाता | रु.१०१।- देखि रु.९९९।- | एक सयभन्दा बढी नौ सय उन्नानसयसम्म |

– क्याम्पस प्रमुख

# नृत्य सिकाउँदासिकाउँदै यौन व्यवसाय !

**काठमाडौं, कात्तिक ११।** मानव बेचविखनमा संलग्न रहेको अभियोगमा चितवन भरतपुर महानगरपालिका-१० बस्ने ५० वर्षीय बिश्वबन्धु घिमिरेलाई गत शनिबार भरतपुर महानगरपालिका-२ क्षेत्रपुरबाट प्रहरीले पक्राउ गरेको छ।

घिमिरेले नृत्य सिक्ने क्रममा चिनजान भएकी १९ वर्षीया किशोरीलाई आफू कोरियोग्राफरको काम गर्ने तथा दुबईमा स्टेज शोमा महिनाको १ लाखदेखि ४ लाखसम्म कमाई हुने गरी लैजाने प्रलोभन देखाएकोमा उमेर नपुगेकोले जान नमिल्ने भन्दै २०७० फागुन ४ गते काँकरभिट्टा हुँदै भारतको शिलगढीबाट बैंगलौर पुऱ्याई चिफ ईन र सेनोरीता भन्ने रेष्टुरेन्टमा जबरजस्ती यौन व्यवसायमा लगाउने गरी बेचबिखन गरेको अवस्थामा किशोरीले आफन्तलाई जानकारी गराए पश्चात माइती नेपालको सहयोगमा उनलाई २०७१ वैशाख १५ गते उद्धार गरी नेपाल फिर्ता गरिएको थियो।

नेपाल आएपश्चात पीडितको जाहेरीका आधारमा प्रहरी प्रधान कार्यालय मानव बेचविखन अनुसन्धान

(बाँकी अन्तिम पृष्ठमा)

# डलर साट्ने भन्दै ठगी

**काठमाडौं, कात्तिक ११।** अमेरिकी डलर साट्ने भन्दै ठगी गर्न खोजेको अभियोगमा काठमाडौं गोकर्णेश्वर-८ बस्ने सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका-३ घर भएका २७ वर्षीय मिनबहादुर पाइनलाई गोकर्णेश्वर नगरपालिका-८ जगडोलबाट प्रहरीले पक्राउ गरेको छ।

पाइन लगायत तीन जनाले ललितपुर सातदोबाटो बस्ने झापा बिर्तामोड घर भएका २१ वर्षीय पुरुषलाई अमेरिकी डलर साट्ने भन्दै ठगी गर्न लागेको अवस्थामा महानगरीय प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरीले पाइनलाई ५० दरको

(बाँकी अन्तिम पृष्ठमा)

# करको दायरा बढाउनुपर्नेमा जोड



**बिर्तामोड, कात्तिक ११।** आन्तरिक राजश्व कार्यालय झापाको नेतृत्व सम्हाल्न आइपुगेका प्रमुख कर अधिकृत शुभ रिजाललाई बिर्तामोडमा स्वागत गरिएको छ।

बिर्तामोड उद्योग बाणिज्य संघको आयोजनामा संघको कार्यालयमा आयोजित स्वागत तथा परिचयात्मक कार्यक्रममा बिर्तामोडका उद्योगी व्यवसायीहरुले रिजाललाई स्वागत गरेका थिए।

आन्तरिक राजश्व विभागबाट सरुवा भई गृह जिल्ला झापा आएका प्रमुख कर अधिकृत रिजालले सरकार र आन्तरिक राजश्व कार्यालयले नीतिगत इमान्दार भएर काम गर्ने व्यवसायीहरुलाई संरक्षण गर्ने र नीतिभन्दा बाहिर गएर गतिविधि गर्ने व्यवसायीहरुलाई सूक्ष्मरुपले पहिचान गरेर कानूनी दायरामा ल्याउने बताए।

हाल मुलुकमा ९८ प्रतिशत करको हिस्सा दुई प्रतिशत व्यवसायीले ओगटेको र ९८प्रतिशत व्यवसायीको करको हिस्सा २ प्रतिशत रहेको बताउँदै उनले करको दायरा बढाउनुपर्नेमा जोड दिए। कर छल्ने व्यवसायीहरुलाई आन्तरिक राजश्व कार्यालयले नछोड्ने, त्यस्ता व्यवसायीको कर जरिवाना छुटको लागि बाणिज्य संघबाट आग्रह लिएर पनि नआउन बाणिज्य संघका पदाधिकारीहरुलाई सुझाएका छन्।

(बाँकी अन्तिम पृष्ठमा)

## बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि

सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६

नोटः प्रत्येक शनिवार MD डाक्टरको सेवा पनि रहेको छ।

## TEACHER WANTED

Aims Academy a leading school of Arjundhara, requires competent teachers for the following posts.

1. Primary school Teacher — English and Maths — 1
2. Grade Class Teacher — 2
3. Middle School Teacher (Lower Secondary) — English — 1

For more details — Principal

Aims Academy, 9852674269/ 023-465288

## Sagun Restro & Bar

Kanakai 1, Durgapur Jhapa



Rock With
Anil singh
Live Performance
Oct 30 2021
5 pm
कार्तिक १३ गते शनिवार
FREE 9825934414





**अलैंची टिप्दै किसानः** ताप्लेजुङको फुङलिङ-९ सिद्धिडाँडा क्षेत्रमा अलैंची टिप्दै किसान। ताप्लेजुङमा असोजको पहिलो सातादेखि मंसीर अन्तिम हप्तासम्म अलैंची टिपाइ हुने गर्दछ। **तस्वीर : दिलकुमार लिम्बु, रासस**

## 'खेलकुदले पथरी–शनिश्चरेलाई चिनाउँदै'

**पथरीशनिश्चरे, कात्तिक ११।** मोरङको पथरीशनिश्चरे नगर उपप्रमुख यमुना विष्ट वास्तोलाले नगरलाई खेलकुदबाट चिनाउने काम भइरहेको बताएकी छन्।

उनले वडा नम्बर १०मा श्री रिभर्स एफसी अमेरिकाको आयोजनामा पिटबोर्ग च्यालेन्ज कप फुटबल प्रतियोगिताको उद्घाटन गर्दै खेलकुदले नगरलाई चिनाउने भन्दै खुशी व्यक्त गरेकी थिइन्।

खेलप्रतिको विकासका लागि खेल भइरहेको मैदानलाई नगरले पथरीशनिश्चरे रंगशालाको रुपमा डीपीआर तयार गरिसकेको समेत उनले बताइन्।

भूटानी शरणार्थी शिविरदेखि दक्षिणको प्रस्तावित रंगशालामा भएको उद्घाटन खेलमा शिवसताक्षी एफसी झापालाई २-१ गोल अन्तरले पराजित गर्दै भाउन्ने एफसी मोरङ प्रतियोगिताको दोस्रो चरणमा प्रवेश गरेको छ। उद्घाटनका अवसरमा अखिल नेपाल फुटबल संघ मोरङको अध्यक्ष दीपेन्द्र धिमाल लगायतको उपस्थिति रहेको थियो।

## ६१ जनालाई कम्बल



**झापा, कात्तिक ११।** सामाजिक सेवामा सक्रिय झापाको बिर्तामोड नगरपालिका वडा नम्बर ८का वडाध्यक्ष अजय कार्कीले कम्बल वितरण कार्यक्रम शुरु गरेका छन्।

जाडोको सिजन शुरु भएसंगै आफ्नो वडामा रहेका एकल, गरीव, वृद्धवृद्धा, अशक्त र अपाङ्गता भएका व्यक्तिहरुको लागि कम्बल वितरण शुरु गरेका हुन्। वडाध्यक्ष कार्कीले आफ्नो वडा कार्यालयबाट बिहीबार देखि कम्बल वितरण शुरु गरेका हुन्।

वडाभित्र रहेका ६१ घरपरिवारलाई आफ्नै लगानीमा जाडोको लागि कम्बल वितरण शुरु गरेको उनले बताए। वडाध्यक्ष कार्कीले जाडोको समयमा यसबाट केही राहत मिलोस् भन्ने उद्देश्यले वितरण गरेको र वडा कार्यालयमा सबै जना लिन आउन नसक्ने भएको हुँदा ५१ घरपरिवारलाई घर-घरमा पुऱ्याइने जानकारी दिए। यो कार्यक्रम १ लाख रुपैयाँ बजेटको रहेको पनि जनाइएको छ।

वडाध्यक्ष कार्कीले आफू हरेक दिन सामाजिक काममा खटिने गरेको भन्दै आगामी दिनमा अझ सशक्त कार्यक्रमहरु ल्याउने बताए। यस अघि उनले कोभिड -१९को संक्रमण नियन्त्रणका लागि सरकारले गरेको लकडाउनको समयमा पनि सयौं घर परिवारलाई खाद्यान्न लगायतका राहत सामग्री वितरण गरेका थिए।

### डलर ...

११ थान अमेरिकी डलर, १ दरको १ थान अमेरिकी डलर, २० रुपैयाँ दरको ३ सय ३९ थान नोट, १० रुपैयाँ दरको ३ सय ६७ थान नोट, ४ थान मोबाइल, प्रदेश ०२-३० प ६९१६ नम्बरको मोटरसाइकल र पीडितको ५ लाख रुपैयाँसहित फेला पारी पक्राउ गरेको हो। फरार अन्य २ जनाको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### नृत्य ...

ब्यूरो बबरमहलबाट खटिएको प्रहरीले घिमिरेलाई पक्राउ गरेको हो। घिमिरेले विगत ३० वर्षदेखि विभिन्न नृत्य केन्द्रहरूमा नृत्य प्रशिक्षकका रुपमा काम गर्ने गरेको खुल्न आएको छ। उनीउपर जिल्ला अदालत काठमाडौंबाट म्याद थप अनुमति प्राप्त गरी अनुसन्धान भइरहेको उक्त ब्यूरोले जनाएको छ।

### बल्ल ...

जीवनकुमार श्रेष्ठले बताए। सरकारले भद्रपुर नाकामा ३७ करोड लागतमा मेची पुल बनाएको छ।

कोरोना महामारीका कारण लामो समयदेखि सीमा नाका सञ्चालनमा नआउँदा यहाँका जनताले मेची पुलको उपयोग गर्नबाट पनि बञ्चित हुनु परेको थियो। नाका बन्द हुँदा भद्रपुर लगायत दक्षिण भेगका बासिन्दा काँकरभिट्टा भएर भारत जानु पर्ने बाध्यताको पनि अन्त्य भएको छ।

### करको ...

सरकारले व्यापार व्यवसाय गर्ने होइन, निजी क्षेत्रबाटै गरिने हो, उपभोक्ताले तिरेको करबाटै राज्य सञ्चालन हुने भएकोले सबै व्यवसायीहरु करको दायरामा आउनुपर्ने रिजालले धारणा राखेका थिए। प्रमुख कर अधिकृत रिजालले कर कार्यालय र व्यवसायीबीच नङ्ग र मासुको सम्वन्ध रहेको बताए।

यो सम्वन्धलाई अझ प्रगाढ बनाउन कार्यालयको तर्फबाट योजनाबद्ध कार्यक्रमहरु तयार पारिने छ, कर सम्बन्धी तालिम र कर सचेतना कार्यक्रमहरु सञ्चालन गरिने छ, त्यसमा व्यवसायीहरुले पनि साथ दिनुपर्ने हुन्छ। सरकारले व्यवसायीहरुले तिर्न बाँकी रहेको पुरानो कर र जरिवानालाई ९० प्रतिशत सम्म छुट दिने भनेको छ, पुस महिना भित्र उक्त सुविधा लिन पनि रिजालले आग्रह गरे।

बिर्तामोड उद्योग बाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटीको अध्यक्षतामा आयोजित कार्यक्रममा बरिष्ठ उपाध्यक्ष राजु न्यौपानेले स्वागत मन्तव्य राखेका थिए। कार्यक्रममा निवर्तमान अध्यक्ष कुमार भट्टराई लगायतले मन्तव्य राखेका थिए। कार्यक्रमको सञ्चालन महासचिव अर्जुन मैनालीले गरेका थिए।

## आलु उत्पादन वृद्धि

**ताप्लेजुङ, कात्तिक ११।** ताप्लेजुङको फक्ताङ्लुङ-७ याङ र वडा नं. ६ घुन्सामा आलु उत्पादन वृद्धि भएको छ।

गत वर्ष निराश भएका कृषक यस याममा उत्पादनमा सुधार आएसँगै उनीहरु उत्साहित भएका हुन्।

फक्ताङलुङ -६ का पेमा शेर्पाले एकमुरी आलु गत असारमा रोपेका थिए। उनले भने- सातमुरी भन्दा वढी उत्पादन भयो। सोही गाउँका उटुक र टाँसी शेर्पाले पनि गतवर्षको भन्दा दोब्बर आलु उत्पादन भएको जानकारी दिए।

हिमाली क्षेत्र भएकाले याङ र घुन्सामा अन्य खेतीपाती हुँदैन। आलु भण्डारणका रूपमा रहेको घुन्सा क्षेत्रमा गत वर्ष आलु बीऊको अभाव भएको थियो।

ती क्षेत्रमा उत्पादन भएको आलु अगामी मंसीरको तेस्रो सातादेखि याकमार्फत ढुवानी गरेर चेनेसम्म पुऱ्याइन्छ। चेनेमा अस्थायी टहरा निर्माण गरेर आलुको व्यापारका लागि आलु कृषक तयार हुन्छन्।

आलु बीऊका लागि तल्लो क्षेत्रका समुदाय कोदो, मकैलगायतका अन्न बोकेर दुई/चार दिन पैदलयात्रा गरेर आलु व्यापारिक केन्द्र याङ्माको चेनेमा पुग्ने गर्दछन्। घुन्सा क्षेत्रका आलु व्यापारिक केन्द्र फले पुग्ने गर्दछन्। एक पाथी अन्नमा आलु दुईदेखि चार पाथीसम्ममा साट्ने प्रचलन छ।

## फिदिम-याशोक सडक सञ्चालन

**पाँचथर, कात्तिक ११।** बाढीले निबुखोलास्थित पुलमा क्षति पुऱ्याएपछि अवरुद्ध फिदिम-याशोक सडक बुधबारदेखि सञ्चालनमा आएको छ।

तमोर कोरिडोरमा पर्ने पुल तीन दिन लगाएर पुष्पलाल लोकमार्ग आयोजना कार्यालय, फिदिमले मर्मत गरेपछि यातायात सञ्चालनमा आएको हो। उक्त पुल फिदिम-४ र कुम्मायक गाउँपालिका-४ को सीमा निबुखोलामा रहेको छ।

यही कात्तिक १ गतेदेखि परेको अविरल वर्षाका कारण खोलामा आएको बाढीले उक्त पुलमा क्षति पुऱ्याएको थियो। पुलको मूल संरचनामा क्षति नभएको तर जमिनतर्फको भाग बाढीले बगाउँदा यातायात अवरुद्ध भएको छ। बाढीले बगाएको भाग ढुङ्गा र माटो हालेर तत्कालका लागि यातायात सेवा सञ्चालन गरिएको लोकमार्ग आयोजना कार्यालयले जनाएको छ।

कुम्मायक र तुम्बेवा गाउँपालिकासहित फाल्गुनन्द गाउँपालिकाका केही वडालाई सदरमुकामसम्म जोड्ने उक्त पुलमा क्षति हुँदा एक सातासम्म आवतजावत ठप्प भएको थियो। फिदिम-याशोक सडक सञ्चालनमा आए पनि उत्तरे-यासोक सडक तथा यासोक-मुलघाट सडक सञ्चालनमा आउन सकेको छैन।

वर्षाका कारण जिल्लाका अधिकांश सडकमा क्षति पुगेको छ। वर्षाका कारण ठाउँ-ठाउँमा पहिरो गएको छ।

### कोभिड ...

**पहिलो मात्रा खोप लगाएका मानिसमा गरिएको अध्ययनमा–**

- जीबीएस हुने न्यूनतम जोखिमसँग तुलना गर्दा अक्सफर्ड-आस्ट्राजेनेका खोप लगाएका १ करोड मानिसमध्ये थप ३८ जनामा उक्त समस्या उत्पन्न भएको देखियो।
- फाइजरको खोप लगाएका १ करोड मानिसमध्ये थप ६० जनामा हेमऱ्याजिक स्ट्रोक (रक्तस्रावका कारण हुने मस्तिष्काघात) भएको देखियो।

**कोभिड पुष्टि भएका मानिसमा गरिएको अध्ययनमा –**

- प्रति १ करोड सङ्क्रमितमध्ये झण्डै थप १४५ जनामा जीबीएस देखियो।
- प्रति १ करोड मानिसमध्ये थप १२३ जनामा मस्तिष्क सुन्निने इन्सेफलाइटिस, मेनिन्जाइटिस र माइअइटिस (मेरुदण्ड हुने सुषुम्ना नाडीको सुजन) देखियो।
- प्रति १ करोड मानिसमध्ये थप १६३ जनामा मायस्थिनियाजस्ता स्नायु र मांशपेशीलाई प्रभावित गर्ने प्रतिरोधात्मक समस्याहरू देखा परे।
- कोभिड पुष्टि भएको पहिलो एक साता मस्तिष्कमा रक्तस्राव हुने जोखिम बढेको पनि पाइयो। तर त्यस्तो जोखिम एक महिनाभित्र न्यूनतम् तहमा फर्किएको थियो।

**थप अध्ययन आवश्यक**

अध्ययनकर्ताहरूले स्कटल्याण्डमा खोप लगाएका वयस्कहरूको सानो जनसंख्यामा पुनः उस्तै अध्ययन गरेका थिए। त्यहाँ पनि आस्ट्राजेनेका खोप र जीबीएसबीच उस्तैखाले सम्बन्ध पाइएको थियो। फाइजर खोपका हकमा भने बढ्दो जोखिमबारे उस्तै प्रवृत्ति देखिएन।

त्यस्तो सम्बन्ध देखिनुका कारण अझै स्पष्ट नभएको र त्यो बुझ्न थप अध्ययन आवश्यक भएको उनीहरूको भनाइ छ। यूनिभर्सिटी अफ अक्सफर्डकी प्राध्यापक जुलिआ हिप्स्लि-कक्स भन्छिन्- यसले दिएको वास्तविक सन्देश के हो भने खोपसँग सम्बन्ध भएका स्नायुप्रणाली सम्बन्धी निकै दुर्लभ समस्याहरू छन्।

तर त्यहाँ गम्भीर खाले रोगविरूद्ध खोपको प्रभावकारिताका अभूतपूर्व प्रमाणहरू छन्। इम्पीरीअल कलेज लन्डनका प्राध्यापक पिटर ओपन्शस खोप लगाएपछि केही जोखिम बढ्ने कुरा अध्ययनले देखाएको स्वीकारेको वीवीसीले उल्लेख गरेको छ। यद्यपि ती गम्भीर घटना कोभिड पुष्टि भएपछिका स्नायु सम्बन्धी समस्याका तुलनामा निकै साना छन्।


## घर जग्गा बिक्रीमा

बिर्तामोड नपा वडा नं. १ सिनेप्लाजाबाट पश्चिम खानेपानी टेङ्की जाने पिचरोडको पश्चिमपट्टी ७ साठे सात धुर जग्गामा बनेको टिनको छाना भएको घरजग्गा बिक्रीमा रहेको हुँदा आवश्यक पर्ने महानुभावले सम्पर्क गर्नु होला।

मो. नं. ९८४४६४२०९५, ९८१७९९०२९९

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

## ड्राइभर आवश्यकता

स्कर्पियो गाडी कुदाउनको लागि लाइसेन्स भएको अनुभवी ड्राइभर चाहिएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला।

सम्पर्कः ९८०१४२४१६५

## Teacher Wanted

**Post:** Incharge (Primary Level)
**Minimum Qualification:** Bachelor Degree
**Salary:** Negotiable

**Happy Kids Education Foundation**
Contact: 023-534939, 9804998590

## राष्ट्रिय जनगणना-२०७८
## मेरो गणना-मेरो सहभागिता

आगामी कात्तिक २५ गतेदेखि मंसीर ९ गतेसम्म जनगणना गर्न सबैको घरमा गणकहरु आउँदै हुनुहुन्छ। जनगणनाको पहिलो चरणको सूचीकरण अभियानमा समावेश भएका वा छुटेका सबै परिवारले गणकहरुलाई आ-आफ्नो विवरण लेखाऔं।

जनगणनाबाट प्राप्त तथ्यांकले संविधानमा व्यवस्था भएका मौलिक हक अधिकार कार्यान्वयनको मूल्यांकन गर्न र लोककल्याणकारी कार्यक्रम सञ्चालन गर्न मद्दत पुग्दछ।

गणना गर्ने अवधि : कात्तिक २५ गतेदेखि मंसीर ९ गतेसम्म

नेपाल सरकार
विज्ञापन बोर्ड

## कर्मचारी आवश्यकता

वेटर : ४ जना
नेपाली खाना बनाउने कुक : २ जना
सम्पर्क : ९८१६९९८६७७, ९८०३७७५८६४

## कर्मचारी आवश्यकता

चाइनिज कन्टिनेन्टल कुकः १ जना
नेपाली खाना बनाउने कुकः १ जना
सम्पर्कः ०२३-५४२९५५, ९८२३८६७१४९

## मासु पसलमा कर्मचारी चाहियो

बिर्तामोड-१ स्थित अतिथि सदन लाइनमा रहेको एक मासु पसलका लागि दुई जना कर्मचारी चाहिएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला। तलबः आपसी समझदारीमा।

सम्पर्कः ९८१७०७६०४६


## भद्रपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा
१ नं. प्रदेश, नेपाल

## विद्युतीय दरभाउपत्र (E-Bid) आव्हान सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मितिः २०७८।०७।१२**

यस भद्रपुर नगरपालिका कार्यालयका लागि आवश्यक तपसिल बमोजिमका सामानहरु यस नगरपालिकाका कार्यालयलाई आवश्यक परिमाणमा तोकिएको मिति र समयमा न.पा. कार्यालयमा आपूर्ति गर्न चाहने नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी तथा सप्लायर्सहरुले फर्म दर्ताको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर (VAT) दर्ता भएको प्रमाणपत्र, आ.व. ०७६।०७७ सम्मको कर चुक्ता प्रमाणपत्र, यो प्रथमपटक सूचना प्रकाशित भएको मितिले (पन्ध्र) दिनभित्र तपसिल बमोजिमका शर्तहरुका अधिनमा रही विद्युतीय दरभाउपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | सामानको विवरण | ईकाई | परिमाण | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | सडक बत्तीमा प्रयोग हुने विद्युतीय सामग्रीहरु (एल.ई.डी. बल्व बाहेक) मात्र | थान | ११०००।– | ५०,०००।०० | |
| २ | सडक बत्तीमा प्रयोग हुने विद्युतीय सामग्रीहरु अन्य (एल.ई.डी. बल्व बाहेक) | विविध | आवश्यकता अनुसार | ४८,५००।०० | |
| ३ | स्टेशनरी तथा मसलन्द सामग्रीहरु | विविध | आवश्यकता अनुसार | ४६७००।०० | |

१) **दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति र दस्तुरः** २०७८।०७।२६ गते कार्यालय समयसम्म, रु. १०००।– एक हजार मात्र (फिर्ता नहुने गरी)।
२) **दरभाउपत्र फारम दाखिला गर्ने मिति, समय र स्थानः** २०७८।०७।२८ गते दिनको १२:०० बजेसम्म, भद्रपुर नगरपालिका कार्यालयमा।
३) **दरभाउपत्र फारम खोल्ने मिति, समय र स्थानः** २०७८।०७।२८ गते दिनको १:०० बजेपछि भद्रपुर नगरपालिका कार्यालय।
४) उक्त दिनहरुमा सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट अथवा कार्यालय खुलेको दिन सो कार्य हुनेछ।
५) विस्तृत जानकारीका लागि नगरपालिका कार्यालयको जिन्सी शाखामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

## सतासी बहुउद्देश्यीय सहकारी संस्था लि.

बिर्तामोड, झापा

## १८ औ बार्षिक साधारणसभा तथा छैठौं अधिवेशन सम्बन्धमा

मिति २०७८ कात्तिक ०८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम मिति २०७८ मंसीर २७ गते सोमबारका दिन अतिथि सदन बिर्तामोडमा १८औ बार्षिक साधारणसभा तथा छैठौं अधिवेसन हुने भएकोले उक्त सभामा हुने निर्णय प्रमाणित गर्नको लागि यस संस्थाको विनियम २०५३ (२०७६ पुनर्लेखन) को दफा २० बमोजिम १०:१ को अनुपातमा प्रतिनिधि छनौट गर्नुपर्ने भएको हुनाले मिति २०७८ असार मसान्तसम्म आवद्ध शेयर सदस्यहरुलाई तपशिलको मिति, स्थान र समयमा उपस्थितीको लागि सूचीत गराउन चाहन्छौ।

**छलफलको विषयहरु :**

१. आ.व. २०७७/७८ को सञ्चालक समितिको तर्फबाट अध्यक्षद्धारा प्रस्तुत बार्षिक प्रगति प्रतिवेदन उपर छलफल तथा अनुमोदन।
२. आ.व. २०७७/७८ को लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन उपर छलफल तथा अनुमोदन।
३. आ.व. २०७७/७८ को लेखापरीक्षकको प्रतिवेदन उपर छलफल तथा अनुमोदन।
४. आ.व. २०७८/७९ को बार्षिक बजेट तथा कार्यक्रम छलफल तथा अनुमोदन।
५. आ.व. २०७८/७९ को लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण।
६. संस्थाको विनियम, बचत, ऋण, कर्मचारी प्रशासन नियमावली तथा विभिन्न नीति तथा कार्यविधिहरु संशोधन र थप।
७. सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिको निर्वाचन। ८. विविध।

**तपशिल**

| क्र.सं. | मिति | स्थान | समय |
|---|---|---|---|
| १ | २०७८।८।४ गते शनिबार | ने.रेसो. सभाहल, हल्दिवारी | ११ बजे |
| २ | २०७८।८।५ गते आइतबार | आदिवासी जनजातिको सभाहल, शनिश्चरे | ११ बजे |
| ३ | २०७८।८।७ गते मंगलबार | सुरुङ्गा जेसीजको सभाहल, कनकाई | ११ बजे |
| ४ | २०७८।८।९ गते विहीबार | मेची उद्योग बाणिज्य संघको सभाहल, धुलावारी | ११ बजे |
| ५ | २०७८।८।१३ गते सोमबार | संस्थाको मुख्य कार्यालय, विर्तामोड | ११ बजे |

**सन्तोषकुमार श्रेष्ठः** प्रबन्धक

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय


# न्यायालयको साख जोगाऊ

**राज्य सञ्चालनका मुख्य तीन अङ्गहरुमध्ये न्यायपालिका सभालाई प्रमुख मानिन्छ । विधि निर्माण गर्ने व्यवस्थापिका, कार्यान्वयन गर्ने कार्यपालिका र जनताद्वारा निर्मित विधि, कानून ठीक र उचित ढङ्गले प्रयोगमा भए/नभएको जाँच्ने र विधिको शासनमा हिंड्ने मार्ग प्रशस्त गर्ने भएकाले न्यायपालिका सभालाई सरकारका तीन अङ्ग मध्येको प्रमुख मानिएको हो । यसकारण पनि न्यायपालिका सभा सबै प्रकारका आग्रह वा पूर्वाग्रहबाट टाढा र निरपेक्ष रहनुपर्छ, रहन्छ भन्ने मान्यता छ । तर, अहिले हामीकहाँ न्यायपालिका सभाको उपल्लो र सर्वोच्च अङ्ग सर्वोच्च अदालतलाई नै विवादमा मुछिएको छ । प्रधानन्यायाधीश चोलेन्द्र शम्शेरले सरकारी नियुक्तिमा भाग खोजेको, नातेदार गैरसांसदलाई मन्त्री बनाउन सरकारसँग मोलमोलाइ गरेको भन्दै पूर्व–न्यायाधीश र कानून क्षेत्रका जानकारहरुले उनलाई महाअभियोगसम्मको कारवाहीको माग गरेका छन् ।**

**न्यायपालिका सभा संविधानको अक्षरशः पालना गर्ने र गराउने सर्वोच्च निकाय हो । प्रजातान्त्रिक शासन प्रणालीमा सर्वाधिक विश्वास गरिने अङ्ग भनेकै सर्वोच्च अदालत हो । संविधानको ब्याख्या र कानूनको कार्यान्वयनमा निष्पक्षतापूर्वक अनुगमन, निरीक्षण र नियन्त्रण गर्ने संस्था माथि नै चौतर्फी आक्रमण हुनुले 'आगो नबली धुँवा आउँदैन' भन्ने उखानको स्मरण गराएको छ । न्याय प्रणाली नै विकृत, भद्दा र विवादित भयो भने त्यसले सम्पादन गर्ने कार्य कस्तो हुनसक्छ, यसबेला टिप्पणी हुन थालेको छ । अघिल्लो सरकारले गरेको प्रतिनिधिसभा विघटनको निर्णयलाई असवैधानिक भन्दै दुई–दुई पटक खारेज गरेको सर्वोच्च र त्यसका नेतृत्वकर्ता प्रधानन्यायाधीशका विरुद्ध वार एशोसीएसन लगायत पूर्व प्रधानन्यायाधीश र पूर्व न्यायाधीशहरु समेत संगठीत भएका छन् । प्रधानन्यायाधीशविरुद्ध मुखरित स्वर, आलोचना, टिप्पणी र सहकर्मीहरुको भद्र अवज्ञाले उब्जाएको समस्याको निराकरण  सडकबाट खोज्न थालियो भने इतिहासकै ठूलो भूल हुन सक्छ ।**

**प्रधानन्यायाधीशको नियुक्ति सवैधानिक पद्दतिबाटै भएको हो । संविधानको व्याख्याता भनिने संस्थाका प्रमुख माथिको यस्तो आरोप, अवज्ञा र असहयोगले राजनीतिक प्रणालीको यात्रा पश्चगमनतर्फ नफर्कियोस्– सबैभन्दा बढी राजनीतिक दलहरुले सोच्न जरुरी छ । न्यायालय स्वतन्त्र संस्था हो, तर उसले पनि संविधान प्रदत्त बाटो बिराउनु हुँदैन । संविधानमाथि नै संकट उत्पन्न हुनसक्ने कारक ऊ र उसको नेतृत्वकर्ता बन्नु हुँदैन । त्यसका लागि राजनीतिक दलहरु नै बढी गम्भीर र जिम्मेवार बन्नु पर्दछ । न्यायालयको स्वच्छता, स्वतन्त्रता, निष्पक्षता र निर्भीकतालाई जोगाउन दलहरु तयार हुनु पर्दछ । न्यायालयको स्वच्छता, स्वतन्त्रता, निष्पक्षता र निर्भीकतालाई जोगाउन दलहरु तयार हुनुपर्दछ । पूर्ववर्ती एमाले नेतृत्वको सरकारकै पालादेखि सवैधानिक पदहरुमा भागबण्डाको आरोप लाग्दै आएको सन्दर्भले पनि प्रधानन्यायाधीशप्रतिको विरोधको स्वर गहिरिँदै गएको हुनसक्छ । न्यायपालिका सभा स्वतन्त्र, निष्पक्ष र विवादरहित नहुञ्जेल सर्वोच्चको गरिमा र साखलाई जोगाउन सकिँदैन । यसतर्फ मुख्य दलहरु नै बढी गम्भीर बनून् ।**

# गरिखाने अभियानको सान्दर्भिकता



कृष्ण अधिकारी

मुलुकको अर्थतन्त्रको विस्तार, स्थायित्व, समावेशीकरण र दिगो विकासको आधार तयार गर्नु नै अहिलेको मुख्य आवश्यकता हो । विश्वव्यापी कोरोना महामारीका कारण विद्यमान जनस्वास्थ्य र आर्थिक सङ्कटकै बीचमा प्राकृतिक प्रकोपले समेत ठूलो क्षति पुगेको छ । झन्डै दुई तिहाइ बहुमत पाएको नेकपाको सरकार आन्तरिक किचलोका कारण विभाजन भएपछि नेपाली कांग्रेसको नेतृत्वमा पाँच दलको सहकार्यमा गठन भएको सन्दर्भमा सरकारका अगाडि एकातिर अर्थतन्त्रलाई लयमा फर्काउनु छ भने अर्कातिर जनताका आकांक्षालाई परिपूर्ति हुने कार्यक्रम कार्यान्वयन गर्नुपर्ने अवस्था छ । आमजनताको आयआर्जनको सुनिश्चितका लागि ल्याइने ठोस कार्यक्रमले मात्रै सरकारप्रतिको विश्वास बढाउन सकिन्छ । उत्पादन वृद्धि गरी आन्तरिक खपत र निर्यात बढाउन सके मात्र अर्थतन्त्र चलायमान हुनुका साथै सबल र स्थायित्व प्राप्ति हुने भएकाले रोजगारीका अवसरसँगै आमजनताको आयआर्जनमा सुधार ल्याउने खालका कार्यक्रम ल्याउनुपर्ने हुन्छ । राष्ट्रलाई समृद्ध र सम्पन्न बनाउनका लागि लगानी वृद्धिको वातावरण सिर्जना गर्नु सरकारको मुख्य प्राथमिकता बन्नुपर्छ ।

२०४७ सालमा बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनापछि नेपाली कांग्रेस नेतृत्वको सरकारले विश्व परिवेश र देशभित्रको आर्थिक अवस्थालाई ध्यानमा राख्दै खुला अर्थतन्त्र र उदार अर्थ नीतिलाई आर्थिक उन्नतिको मूलनीतिका रूपमा अगाडि ल्याएको थियो । यसको परिणामस्वरूप निजी क्षेत्रको भूमिकालाई महत्व दिँदै नीतिगत र प्रशासनिक सुधारका कार्यक्रमले राष्ट्रिय आम्दानीमा महत्वपूर्ण योगदान पुऱ्याएको थियो । पुँजीवाद र समाजवादको दुई ध्रुवमा बाँडिएको विश्व परिवेशमा वीपी कोइरालाले तेस्रो विश्वले अँगालेको प्रजातान्त्रिक समाजवादलाई अङ्गीकार गरेर नयाँ बाटो तय गर्नुभएको थियो । उहाँको 'गरीब किसानलाई केन्द्रमा राखेर योजना बनाउनु' भन्ने नै प्रजातान्त्रिक समाजवादको मूल ध्येय हो । यसैलाई आफ्नो राजनीतिक दर्शन बनाउँदै आएको कांग्रेसले आगामी दिनमा पनि समृद्ध नेपालको अभियानमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्नुपर्छ ।

आमनागरिकको जीवनमा रूपान्तरण ल्याउनका लागि उद्यमशीलता विकास कार्यक्रम अनिवार्य भएको छ । यसै लक्ष्यलाई हासिल गर्न कांग्रेसले लगानी, पूर्वाधार र रोजगार दृष्टिकोण एवम् दिगो परियोजना केन्द्रित विशेष समितिको गठन गरेको छ । यस समितिले देशमै उद्यमशीलता र रोजगारीका अवसर सिर्जना गरी युवा शक्तिलाई स्वरोजगार मार्फत राष्ट्रिय विकासको मूलधारमा ल्याउन खोजेको छ । २०७७ वैशाख १७ गतेको केन्द्रीय समितिको निर्णय बमोजिम कांग्रेसका सांसद एवम् उद्योपति विनोद चौधरीको संयोजकत्वमा २०७७ जेठ २ गते गठन भएको यस समितिले वेरोजगार युवालाई आयआर्जनसँग जोड्न थालेको छ । हरेक वर्ष श्रम बजारमा आउने झन्डै चार लाख मध्ये आधा श्रम शक्तिलाई स्वदेशमै रोजगारी सिर्जना गर्न र बाँकी श्रम शक्ति अन्य क्षेत्रमा पनि खपत गरी बाध्यात्मक वैदेशिक रोजगारीको अवस्था अन्त्य गर्न मुलुकमा उद्यमशीलता, उत्पादन र रोजगारीको अवसरमा रूपान्तरणकारी परिवर्तन ल्याउन यस समितिले कार्यारम्भ गरेको छ ।

यस समितिले बेरोजगार युवालाई सहुलियत दरमा ऋण उपलब्ध गराउन सहजीकरण गर्दै उनीहरूलाई आयआर्जनसँग जोड्न विभिन्न कार्यक्रम अगाडि सारेको छ । कोरोना संक्रमणबाट विभिन्न क्षेत्रमा परेको असर अध्ययन गरी आवश्यक कार्य गर्न अहिले विभिन्न जिल्लामा वेरोजगार युवालाई आयआर्जनसँग जोड्दै स्वरोजगार बनाउने अभियान सञ्चालन भएका छन् । समितिले वेरोजगार युवालाई आयआर्जनसँग जोड्दै स्वरोजगार बनाउनका लागि बिनाधितो २० लाख रुपैयाँसम्म सहुलियत दरमा ऋण उपलब्ध गराउन सहजीकरण गर्दै आएको छ । स-साना व्यावसायिक तथा भइरहेका उद्यमलाई स्तरोन्नतिका लागि व्यावसायिक रूपमा उद्यमशीलता विकासमा काम गरिरहेका संस्थाहरूसँग सम्पर्क स्थापित गराई उद्यमशील सोचलाई व्यवहारमा रूपान्तरण गराउन जोड दिइएको छ ।

बैङ्क तथा वित्तीय संस्थाका छ हजार शाखा मार्फत प्रत्येकबाट कम्तीमा १० वटा सहुलियत कर्जा प्रदान गर्ने व्यवस्था प्रभावकारी रूपमा लागू गर्न सके ६० हजार युवालाई उद्यमी बनाउन सकिन्छ । बैङ्क तथा वित्तीय संस्थाले कम्तीमा पनि हरेक प्रदेशमा दिगो बैङ्किङ मार्फत यस्ता सहुलियत कर्जा कार्यक्रमलाई सहजीकरण गरी उत्पादनमूलक र दिगो विकास लक्ष्यलाई सहयोग गर्ने क्षेत्रमा लगानी गर्न सक्छन् । उत्पादन र रोजगारीको जगले देशको कुल गार्हस्थ्य उत्पादन विस्तार, अर्थतन्त्रको स्थायित्व, समावेशी विकास र सरकारका लागि राजस्व प्राप्तिका आधार विस्तार गर्न सक्दछ । चालू आर्थिक वर्षको मौद्रिक नीतिले २५ लाख रुपैयाँसम्मको स्वरोजगार कर्जालाई धितो नचाहिने व्यवस्था गरेकाले यो व्यवस्था उद्यमशीलता विकासका लागि सहयोगी हुने देखिन्छ । लघु, घरेलु तथा साना उद्यमको विकासले समावेशी र स्थायित्वसहितको आर्थिक विकासको जग निर्माण गर्ने हुँदा उद्यमशीलता विकासलाई महत्वका साथ अघि



कर्जाका लागि पनि बैङ्कले धितो माग्ने व्यवस्था नै उद्यमशीलता विकासको मुख्य अवरोध हो । व्यावसायिक कौशल भएका, नवीनतम् र सम्भाव्य परियोजनाका सोच भएकालाई स-सानो व्यवसाय सञ्चालन गर्न परियोजना धितोमा कर्जा दिने व्यवस्था हुनुपर्छ । उद्यमशीलता विकासमैत्री वातावरणका लागि सरकार तथा सरोकारवालालाई सल्लाह-सुझाव, परामर्श गर्नुका साथै पैरवी समेतलाई जोड दिइएको छ ।

युवालाई उद्यमशील बनाएर मात्र राष्ट्रिय समृद्धिको लक्ष्य हासिल गर्न सकिन्छ । राजनीतिक परिचालन मार्फत उद्यमशीलता विकासका लागि जागरण गर्ने अभियान अन्तर्गत समितिले युवालाई उद्यमशील बनाउन फ्ल्यागसिप कार्यक्रमका रूपमा गरिखाने अभियान सञ्चालन गरेको छ । त्यस अभियानमा जोडिएर उद्यमशील बन्न चाहनेहरूलाई परियोजना सम्बन्धी सोच, सीप, पुँजी तथा प्रविधि, बजार पहुँच विस्तार बढाउन गरिखाने अभियानले राम्रो नतिजा दिन सक्छ ।

दुई महिनाभित्रै देशभरमा करिब ५०० परियोजनाका लागि लगानी जुटाई कार्यान्वयनको अवस्थामा पु-याउने लक्ष्य लिएको यस अभियानले उद्यमशीलताका अतिरिक्त त्यसलाई स्थायित्व दिने र सम्भावना अनुसार स्तरोन्नति समेत गराउने काममा जोड दिएको छ । 'गरिखाने अभियान'ले उद्यमशील बन्न चाहनेलाई उद्यमी बनाउने अभियानस्वरूप पहिलो चरणमा आकांक्षीहरूलाई वित्तीय साक्षरता र उद्यमका सम्बन्धमा अभिमुखीकरण, दोस्रो चरणमा परियोजना विकासमा सहयोग, तेस्रो चरणमा सहुलियत कर्जाका लागि बैङ्क तथा वित्तीय संस्थासँग पहल र सहुलियत कर्जाको उपलब्धता तथा परियोजना कार्यान्वयनका क्रममा आवश्यक सुझाव दिने गरेको छ । यस अभियान अन्तर्गत धनकुटा, मकवानपुर, बारालगायत जिल्लाका झन्डै दुई सय वेरोजगार युवालाई उद्योग व्यवसायका लागि सहजीकरणका काम भइसकेका छन् । उत्पादन भएका सामग्रीलाई बजारको समस्या हुन नदिन पनि बजारीकरणका लागि सहजीकरण गर्ने गरिएको छ । समितिले उक्त अभियानलाई क्रमशः ७७ वटै जिल्लामा सञ्चालन गर्ने लक्ष्य लिएको छ ।

राजनीति विशुद्ध सामाजिक सेवाको क्षेत्र हो, तर पछिल्लो समय महँगो निर्वाचन प्रणाली, सुविधाभोगी जीवनशैली र मौकामा बढीभन्दा बढी सम्पत्ति जोहो गर्ने प्रवृत्तिले गर्दा राजनीतिलाई व्यापारीकरण र अपराधीकरणतर्फ धकेल्ने काम भएको छ । यसले गर्दा सर्वसाधारण जनतामा राजनीतिप्रति वितृष्णा र राजनेताप्रति घृणाभाव बढेको छ । यसलाई रोक्न पनि राजनीतिमा लाग्ने जो कोहीले जीवन निर्वाहका लागि व्यवसाय सँगै लैजानुपर्छ भन्ने मान्यतालाई स्थापित गर्नु जरुरी छ । समाजको सेवाका लागि राजनीतिमा आउने र जीवन निर्वाहका लागि व्यवसाय गर्न प्रेरित गरिएमा राजनीति विस्तारै सङ्लिँदै जान्छ । राजनीतिसँग जीवन निर्वाहका लागि व्यवसाय शुरु गर्ने क्रमलाई प्रोत्साहित गर्नुपर्छ । हरेक राजनीतिक दलमा यो विचार क्रमशः विस्तार हुँदै आएको छ । पूर्णकालीन राजनीतिमा लाग्नेले जीवन निर्वाहका लागि पेसा-व्यवसाय नै गर्न हुँदैन भन्ने मान्यतालाई परिवर्तन गर्नुपर्छ ।

राजनीति पेसा हुन सक्दैन, यो सेवा हो । राजनीति गर्नेले आयआर्जनका लागि सँगसँगै आफ्नो पेसा र व्यवसाय पनि गर्नुपर्छ । यसले राजनीतिलाई अझै शुद्धीकरण गर्न मद्दत गर्छ । राज्यको नीति नियमभित्र रहेर व्यवसाय गर्ने व्यक्तिलाई सामाजिक प्रतिष्ठाका रूपमा लिइनुपर्छ । जीवन धान्न आयआर्जनका क्रियाकलापमा लाग्न कार्यकर्तालाई प्रोत्साहित गर्नुपर्छ । राजनीति गर्नेले त्यसलाई नै पेसा बनाउँदा दोहन, भ्रष्टाचारका समस्या आएको र कतिपय पूर्णकालीन राजनीति गर्नेले पुर्ख्यौली सम्पत्ति समेत सकाएर रित्तो अवस्थामा पुगेका पनि छन् । यसैका लागि नै कांग्रेसले ढिलै भए पनि यो अभियान मार्फत उद्यमशीलता विकासका लागि राजनीतिक परिचालनको अभियानलाई अघि बढाउन खोजेको देखिन्छ । यसलाई अन्य राजनीतिक पार्टीले पनि आत्मसात् गरी निष्ठा, समर्पण र सेवामुखी राजनीतिक पद्धतिको विकासमा ध्यान दिनु जरुरी छ ।

प्रजातन्त्र स्थापनासँगै २०४८ को आमनिवार्चनबाट बनेको नेपाली कांग्रेसको सरकारले तत्कालीन अवस्थामा अङ्गीकार गरेको आर्थिक उदारीकरणको जगमा मुलुकको अर्थतन्त्र टिकेको छ । जनतालाई आर्थिक रूपमा सम्पन्न गराउन, उनीहरूको जनजीविकाको आधार सिर्जना गर्ने जस्ता रचनात्मक अभियानमा राजनीतिक परिचालन केन्द्रित गर्नुपर्छ । नवीन सोच भएका युवालाई उद्यमशील बनाउन मुलुकभित्र उद्यमशीलता विकासका अवरोध हटाउँदै नयाँ माहोल सिर्जना गर्न 'गरिखाने अभियान' आर्थिक विकासको कोसेढुङ्गा बन्न सक्छ । राजनीतिक परिवर्तनमा सधैँ अगुवा र नेतृत्वदायी भूमिका निर्वाह गरेको नेपाली कांग्रेसले नै आर्थिक विकासको नेतृत्व लिन सक्नुपर्छ । कांग्रेसको आगामी मंसिरमा हुन गइरहेको १४औं महाधिवेशनले नीतिगत रूपमै यस अभियानलाई पार्टीको दस्तावेजमा समावेश गरी राजनीतिक घोषणापत्रमा उल्लेख गर्नुपर्ने हुन्छ । महाधिवेशन अन्तर्गत स्थानीय तहमा हालै भएको निर्वाचनमा यति धेरै युवा प्रतिनिधित्व हुनुले पनि कांग्रेसलाई बिस्तारै नयाँ पुस्ताले हाँक्ने सम्भावना देखिएको छ । *गोप*

# ६९ जना महिला कैदीबन्दीलाई स्वास्थ्यसेवा




**बिर्तामोड, कात्तिक ११।** जिल्ला कारागार झापाका ६९ जना महिला कैदीबन्दीले निःशुल्क स्वास्थ्य सेवा लिएका छन् ।

बीएण्डसी अस्पताल बिर्तामोडको सहयोगमा कारागारमा रहेका कैदी बन्दीको निःशुल्क स्वास्थ्य जाँच गर्दै औषधि समेत निःशुल्क वितरण गरिएको हो । प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाको प्रमुख आतिथ्यमा भएको स्वास्थ्य जाँचका क्रममा कारागारमा रहेका अधिकांश महिला कैदीबन्दीमा छाला तथा यौनरोगको समस्या देखिएको उपचारमा संलग्न चिकित्सकाले बताएका छन् ।

कारागारमा रहेका कैदीबन्दीको अस्पतालका स्त्री तथा प्रशुति रोग विशेषज्ञ डा.उपशना कोइरालासहित फिजिसियन डा. रोशन काफ्ले, चर्करोग विशेषज्ञ डा. निस्तुक बराल, नेत्ररोग विशेषज्ञ कृष्ण रजक, अर्थोपेडिक सर्जन डा. राजीव शाह लगायतले महिला कैदीबन्दीको स्वास्थ्य जाँच गरेको अस्पतालका जनसम्पर्क अधिकारी प्रमिश गिरीले जानकारी दिए ।

कारागारमा कैदीबन्दीको स्वास्थ्य जाँचका लागि एकजना मात्र अहेव हुँदा जिल्ला कारागार झापामा रहेका कैदीबन्दीलाई समस्या हुने गरेको पाइएसँगै बीएण्डसी अस्पतालले कारागारमै पुगेर निःशुल्क स्वास्थ्य जाँच गर्दै औषधि समेत निःशुल्क वितरण गरेको थियो ।

क्षमताभन्दा झण्डै तेब्बर बढी कैदीबन्दी रहेको कारागारमा दुईजना बालबालिकासहित एक हजार दुई सय ८५ जना कैदीबन्दी रहेका छन् । जसमध्ये ७० जना महिला कैदीबन्दी रहेको जिल्ला कारगार झापाका प्रमुख राजेन्द्र गौतमले बताए ।

विशेषगरी महिला कैदीबन्दीको स्वास्थ्यमा आएपर्ने समस्याका विषयलाई लिएर अस्पतालका कार्याकारी निर्देशक दुर्गा प्रसाई आफैं चिकित्सकको टोलीसहित कारागार पुगेका थिए ।

चिकित्सकको टोलीसहित कारागार पुगेका प्रसाईले त्यहाँ रहेका कैदीबन्दीलाई स्वास्थ्यमा कुनै समस्या देखिए बीएण्डसी अस्पताल पठाउन आग्रह गरेका थिए । उनले अस्पतालमा आएका महिला कैदीबन्दीको निःशुल्क स्वास्थ्य जाँच गर्दै औषधि उपचार गर्ने प्रतिबद्धता समेत जनाएका छन् । उनले अस्पतालले आयोजना गरेको कार्यक्रममा बोल्दै भनेका छन्- कारागारमा रहेका कुनै कैदीबन्दीलाई समस्या भए २०/२० जनाको संख्यामा अस्पताल पठाइ दिनुहोस् उपचार गरेर पठाइदिन्छौं ।

अस्पतालले आयोजना गरेको कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी तिमिल्सिनाले सामाजिक उत्तरदायित्व अन्तरगत कारागारभित्र बन्दी जीवन बिताइरहेका महिलाको स्वास्थ्यलाई प्राथमिकतामा राख्दै अस्पतालले स्वास्थ्य जाँचसहित निःशुल्क औषधि वितरण गर्नु आफैंमा उदाहरणीय कार्य भएको बताएका छन् ।

पूर्वाञ्चल क्यान्सर अस्पतालका कार्याकारी निर्देशक समेत रहेका प्रसाईले महिला कैदीबन्दीका लागि एकथान टेलिभिजन, एक थान म्युजिक सिस्टम, एकथान पानी तान्ने मोटर र सरसफाइका लागि फ्युमिकेटर समेत प्रदान गरेका छन् । सो सामग्री प्रमुख जिल्ला अधिकारी तिमिल्सिनालाई हस्तान्तरण गरेका थिए । सो अवसरमा जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक सानुराम भट्टराईको समेत आतिथ्य रहेको थियो ।

# सडक दुर्घटनामा एकजनाको मृत्य

**झापा, कात्तिक ११।** गौरादह- १ स्थित भित्रीपक्की सडकमा सवारीसाधान दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ ।

उक्त सडकको दक्षिणबाट उत्तरतर्फ जाँदै गरेको मे १ त ७६८७ नं. को ट्याक्टरबाट लडेर कन्काई नगरपालिका-६ का ४० वर्षीय गङ्गाबहादुर तामाङको मुत्यु भएको हो । बुधबार राति दुर्घटनाका घाइते तामाङको दमकस्थित लाइफलाइन अस्पतालमा उपचारको क्रममा मृत्यु भएको गौरादहस्थित ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । ट्याक्टर चालक डम्बरबहादुर कार्कीलाई नियन्त्रणमा लिएको जनाइएको छ ।

त्यसैगरी पूर्व-पश्चिम राजमार्गअन्तर्गत दमकमा मे ७ प ७०१० नं. को मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा दुईजना घाइते भएका छन् । पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको सो मोटरसाइकलका चालक शिवसताक्षी-७ का ६५ वर्षीय अम्बिका अधिकारी र पछाडि सवार ६३ वर्षीय कृष्णप्रसाद गौतम घाइते भएका र उनीहरुको सोही अस्पतालमा उपचार भइरहेको जनाइएको छ । सिटीसफारीलाई जोगाउने क्रममा सो मोटरसाइकल दुर्घटना भएको ट्राफिक प्रहरीले जनाएको छ ।

उता बुधबार साँझ बिर्तामोडमा एउटा कारलाई ठक्कर दिएर भाग्नेक्रममा बसले ठक्कर दिँदा सात जना घाइते भएका छन् ।

बिर्तामोड-५ कल्पतरु ट्रान्सपोर्ट छेउमा पार्किङ गरी राखेको बा १५ च ६४०३ नम्बरको कारलाई पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको मे १ ख ३२७१ नम्बरको बसले ठक्कर दिई पूर्वतर्फ भागेको थियो ।

***बाँकी पृष्ठ ३ मा***

# नक्कली नोटसहित पक्राउ

**झापा, कात्तिक ११।** नक्कली नोटसहित फेरि एकजना पक्राउ परेका छन् । जिल्लाको गौशाला बजारमा प्रहरीले नक्कली नोटसहित गौशाला नगरपालिका-९ डुमरवानाका ४४ वर्षीय सुकन महतोलाई पक्राउ गरेको हो ।

यसअघि गत असोजमा पनि गौशाला नजिकै औरही बजारबाट प्रहरीले नक्कली नोटसहित तीन जनालाई नियन्त्रणमा लिएको थियो । पक्राउ परेका महतोको गौशाला बजारस्थित डेराबाट रू. आठ लाख ९७ हजार चार ३५ नेपाली र रू. दुई लाख ८० हजार नौ सय २९ भारती नोट प्रहरीले बरामद गरेको छ ।

बजारमा तरकारी खरिद गर्ने क्रममा किसानलाई नक्कली नोट दिएको आशङ्कामा प्रहरीले महतोलाई नियन्त्रणमा लिई उनको डेरा खानतलासी गर्दा सो रकम फेला परेको गौशालास्थित इलाका प्रहरी कार्यालयले जनाएको छ । बरामद नोट मध्ये कति सक्कली र कति नक्कली हुन् भन्ने विज्ञबाट ठहर गराइने प्रहरी निरीक्षक विष्णुप्रदीप वस्यालले जानकारी दिए ।

पक्राउ परेका महतोलाई बरामद नोटसहित जिल्ला प्रहरी कार्यालय पठाइएको छ । पक्राउ परेका महतो भारत-नेपाल दुबैतिरका तरकारी व्यापारी रहेका र उनलाई र उनीसँग बरामद नोट जलेश्वरमै सार्वजनिक गरिने प्रहरीको तयारी छ । गौशाला र औरही बजार भारतीय बजारसँग जोडिएका जिल्लाका हुन् ।

बरामद नोट मध्ये कति वटा सक्कली र कतिवटा नक्कली भन्ने एकीन गर्न बाँकी रहे पनि गत असोजमा भने हजार दरका २२ वटा नक्कली नोट रहेको पुष्टि भएको थियो । सामान्य प्रचलनमा रहेका नेपाली एक हजार दरका नोटभन्दा छाम्दा पातलो लाग्ने र रङ समेत अलि फिका देखिने नक्कली नोट चासो दिने सामान्य व्यक्तिले पनि सजिलै छुट्याउन सक्ने प्रहरीको भनाइ छ ।

# ६५ प्रतिशत बालबालिकाको रगतमा 'लेड'को मात्रा



**झापा, कात्तिक ११।** मुलुकका ६५ प्रतिशत बालबालिकाको रगतमा 'लेड'को मात्रा भेटिएको छ ।

'लिडको विषयबाट बचावटका लागि नवौं अन्तर्राष्ट्रिय सचेतना सप्ताह-२०२१' का अवसरमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य सङ्गठन (डब्लुएओ)को सहयोगमा जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्रले आयोजना गरेको कार्यशाला गोष्ठीमा विज्ञले एक डेसिलिटर रगतमा पाँच माइक्रो ग्रामभन्दा बढी सिसा (लिड) हुन नहुनेमा नेपालका बालबालिकाको शरीरमा सो भन्दा बढी पाइएको जानकारी दिए ।

घर, विद्यालय तथा अस्पतालका भित्ता, फर्निचरमा लगाउने रङमा लिडको मात्रा प्रसस्त हुने भएकाले त्यसले स्वास्थ्य तथा वातावरणमा पार्ने समस्याको निराकरण एवम् न्यूनीकरण गर्न जनचेतनाका साथै क्षमता अभिवृद्धि गर्नुपर्नेमा जोड दिइएको छ ।

डब्लुएओको नेपालस्थित कार्यालयका जनस्वास्थ्य सल्लाहकार डा. खुर्सिद अलम हेदरले सरकारले सात वर्षअघि पेन्टमा तोकेको लेडको मापदण्डको व्यापक प्रचारप्रसार हुनुपर्ने बताए । उनले मुलुकमा नसर्ने रोग बढिरहेको सन्दर्भमा रङमा प्रयोग गरिने लिडलाई ध्यानमा राखी सोको ख्याल गर्न सम्बन्धित निकायलाई अनुरोध गरे ।

कार्यक्रममा केन्द्रका कार्यकारी निर्देशक एवम् वातावरण वैज्ञानिक रामचरित्र साहले लिडले बालबालिकाको शारीरिक तथा मानसिक एवम् बौद्धिक विकासमा सिधै असर गर्ने हुँदा यसलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिए । सरकारले २०७१ पुस ७ गते राजपत्रमा प्रकाशित गरी पेन्टस्मा लिड सम्बन्धी तोकेको बाध्यकारी मापदण्ड ९० पिपिएमसम्मलाई प्रयोग गर्न पनि उनले आग्रह गरे । उनका अनुसार लिडले मानिसको मुटु, स्नायु र प्रजनन् प्रणालीमा समेत असर गर्दछ । बालबालिकाको शरिरमा लिडको मात्रा धेरै भएमा स्मरण शक्तिमा ह्रस आउने साहले दाबी गरे ।

सो अवसरमा व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षाविज्ञ खगेन्द्र बस्नेतले शरीरमा १० माइक्रोग्रामभन्दा बढी सिसाको मात्रा भेटिएमा उपचारमा लाग्न सुझाव दिए । काठमाडौं मेडिकल कलेज सामुदायिक चिकित्सा विभागका प्रमुख डा. सुनिलकुमार जोशीले ब्याट्री तथा रङमा प्रयोग भएका लिडले मानिसको पेट हुँदै टाउको अनि हड्डीमा समेत असर गर्ने बताए ।

मुलुकमा आधुनिकता भित्रिएसँगै बनिरहेका नयाँ भवनमा प्रयोग गरिने रङले आउँदा दिनमा मानिसको शरीरमा असर नगरोस् भनेर उत्पादित कारखानालाई ध्यान दिन अनुरोध गर्नुपर्ने केन्द्रले गरेको अध्ययनमा तोकेको पीपीएमभन्दा कम लेड पाइएको कम्पनी फेसन पेन्टस् उद्योग हेटौंडाका प्रमुख व्यवस्थापक अरविन्द सिंहले बताए ।

वन तथा वातावरण मन्त्रालयका सहसचिव धनञ्जय पौडेलले केन्द्र सरकार मात्रै नभएर स्थानीय लगायत गैरसरकारी संस्था अनि समुदाय तथा टोल-टोलबाट पेन्टस्मा हुने लिडको नकारात्मक प्रभावबाट बच्ने उपायका बारेमा जानकारी दिनुपर्ने खाँचो औंल्याए ।

सरोकारवालाले सातै प्रदेशबाट ३७ पेन्टस् उद्योगका नमूना सङ्कलन गरी ६२ विभिन्न रङका इनामेलका साथै २१ विभिन्न रङका स्प्रे पेन्टस्का नमूनामा अध्ययन गर्दा ६२ मध्ये ३२ वटा अर्थात् ५२ प्रतिशतमा मात्र तोकिएको पीपीएमभन्दा कम लिड र बाँकी ३० नमूना अर्थात् ४८ प्रतिशत पेन्टस्मा बढी लिडको मात्रा भेटिएको जानकारी दिइएको थियो । पेन्टस्मा लिडको मात्रा ९० पीपीएमसम्म हुनुपर्नेमा हुँदा केहीमा २२ हजार ८५० अर्थात् मापदण्ड भन्दा २५४ गुणा बढीरहेको थियो ।

## सडक दुर्घटना...

त्यसक्रममा बिर्तामोड-६ पूर्व पश्चिम राजमार्गको बुट्टाबारीमा विपरीत दिशाबाट आउँदै गरेको मे ५ प ९००२ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालकलाई चोटपटक नलागेको तर मोटरसाइकलमा क्षति भएको छ । सोही बस पूर्वतर्फ भाग्नेक्रममा मेचीनगर ११ कालिझोडा जंगलमा पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको मे ९ प ७०९२ नम्बरको मोटरसाइकल, मे १ ज ८७४ नम्बरको म्याजिक भेन, सोही दिशाबाट आइरहेको मे १ ज १९८१ नम्बरको बोलेरो र प्रदेश नम्बर १-०१-००१ ख ३५३६ नम्बरको ट्रकलाई ठक्कर दिएको थियो ।

मादकपदार्थ सेवन गरी बस चालक मेचीनगर-१० ढाट बस्ने ३३ वर्षीय दिनेश कडरियाले सो बस अन्धाधुन्द चलाएका थिए । दुर्घटनामा मे १ ज ८७४ नं. को म्याजिकमा सवार चालक मेचीनगर-७ बस्ने २८ वर्षिय राजु तामाङ सामान्य घाइते भएका छन् । उनको मनकामना अस्पतालमा उपचार भइरहेको छ ।

त्यस्तै अर्जुनधारा-६ बस्ने ३७ वर्षीया कल्पना अधिकारीको टाउकोमा चोट लागेर बीएण्डसी अस्पतालमा उपचार भइरहेको छ भने अर्जुनधारा-५ बस्ने ३५ वर्षीया रुद्रमाया धिमालको टाउकोमा चोट लागेर बीएण्डसी अस्पतालमै उपचार भइरहेको छ ।

त्यस्तै वडा नं. ११ बस्ने ४५ वर्षीय देबराज राई, बिर्तामोड-५ बस्ने ४३ वर्षीया बिमला भट्टराई, मे ९ प ७०९२ नं.को मोटरसाइकलमा सवारीचालक इलाम चुलाचुली-१ बस्ने ३५ वर्षीय बिजय विक, पछाडि सवार उनकी श्रीमती २५ वर्षीया प्रमिला विक घाइते भई बीएण्डसी अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।


**मदन भण्डारी राजमार्ग झापा झटारे मेचीडाँगी सडक खण्डमा प्रस्तावित 'गङ्गटे (कूरुङ) खोला पुल' 'खारखोला पुल' को**

**संक्षिप्त वातावरणीय अध्ययन प्रतिबेदनको सार्वजनिक सुनवाई कार्यक्रम**

**प्रथमपटक प्रकाशित मितिः २०७८/०७/१२**

श्री सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, चाकुपाट ललितपुरद्वारा प्रस्तावित हडीया खोला पुल 'मदन भण्डारी राजमार्ग झापा झटारे मेचीडाँगी सडक खण्ड अन्तर्गत झापा जिल्ला, बुद्धशान्ति गाउँपालिका, वडा नम्बर १को हडीयाकोप तथा बुद्धशान्ति गाउँपालिका, वडा नम्बर ४ को किनारा बस्तीबीच भई बग्ने हडीय खोलामा निर्माण गर्नको लागि प्रस्ताव गरिएको छ' र दामा खोला पुल 'मदन भण्डारी राजमार्ग झापा झटारे मेचीडाँगी सडक खण्ड अन्तर्गत झापा जिल्ला, बुद्धशान्ति गाउँपालिका, वडा नम्बर १ को नमूनाचोक तथा दामाजुवाबीच भई बग्ने दामा खोलामा निर्माण गर्नको लागि प्रस्ताव गरिएको छ ।'

| क्र.स | खोला /पुल | प्रभावित क्षेत्र |
|---|---|---|
| १ | हडिया खोला पुल (लम्बाई ६० मिटर) | बुद्धशान्ति गाउँपालिका, वडा नम्बर १ को हडीयाकोप तथा बुद्धशान्ति गाउँपालिका, वडा नं. ४को किनारावस्ती |
| २ | दामा खोला पुल (लम्बाई ४० मिटर) | बुद्धशान्ति गाउँपालिका, वडा नम्बर १ को नमूनाचोक तथा दामाजुवा |

वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ अनुसार संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारीको क्रममा सार्वजनिक सुनुवाई गनुपर्ने प्रावधान अनुरुप आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी जानकारी गराउने लक्ष्यका साथ यस सार्वजनिक सूचना मार्फत आयोजनाबाट प्रभावित गाउँपालिका अन्तर्गत सरकारी तथा गैरसरकारी संघ–संस्था, विद्यालय, स्वास्थ्य चौकी तथा व्यक्ति एवम् सरोकारवालालाई निम्न मिति, समय तथा स्थानमा उपस्थित भई अमूल्य राय सुझाव तथा प्रतिक्रिया दिनका लागि हार्दिक अनुरोध गर्दछौं ।

**स्थानः बुद्धशान्ति गाउँपालिका, वडा नं. १, तीनतले सामुदायिक वनको कार्यालय**
**मितिः २०७८।०७।१४ गते, समयः बिहान ११ बजे**



**मदन भण्डारी राजमार्ग झापा झटारे मेचीडाँगी सडक खण्डमा प्रस्तावित 'गङ्गटे (कूरुङ) खोला पुल' 'खारखोला पुल' को**

**संक्षिप्त वातावरणीय अध्ययन प्रतिबेदनको सार्वजनिक सुनवाई कार्यक्रम**

**प्रथमपटक प्रकाशित मितिः २०७८/०७/१२**

श्री सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, चाकुपाट ललितपुर द्वारा प्रस्तावित गङ्टे खोला पुल 'मदन भण्डारी राजमार्ग झापा झटारे मेचीडाँगी सडक खण्ड अन्तर्गत झापा जिल्ला, बुद्धशान्ति गाउँपालिका, वडा नम्बर ५ को गदीगाउँ तथा खारखोलागाउँ बीच भई बग्ने गङ्टे खोलामा निर्माण गर्नको लागि प्रस्ताव गरिएको छ', खारखोला पुल 'मदन भण्डारी राजमार्ग झापा झटारे मेचीडाँगी सडकखण्ड अन्तर्गत झापा जिल्ला, वुद्धशान्ति गाउँपालिका, वडा नम्बर ५ को बाहुबन जंगल तथा खारखोला गाउँबीच भई बग्ने खारखोलामा निर्माण गर्नको लागि प्रस्ताव गरिएको छ ।'

| क्र.स | खोला /पुल | प्रभावित क्षेत्र |
|---|---|---|
| १ | गङ्टे (कुरुङ) पुल (लम्बाई २५ मिटर) | बुद्धशान्ति गाउँपालिका, वडा नम्बर ५ को गदीगाउँ तथा खरखोला गाउँ |
| २ | खरखोला पुल (लम्बाई ४५ मिटर) | बुद्धशान्ति गाउँपालिका, वडा नम्बर ५ को बाहुबन जंगल तथा खरखोला गाउँ |

वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ अनुसार संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारीको क्रममा सार्वजनिक सुनुवाई गनुपर्ने प्रावधान अनुरुप आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी जानकारी गराउने लक्ष्यका साथ यस सार्वजनिक सूचना मार्फत आयोजनाबाट प्रभावित गाउँपालिका अन्तर्गत सरकारी तथा गैरसरकारी संघ–संस्था, विद्यालय, स्वास्थ्य चौकी तथा व्यक्ति एवम् सरोकारवालालाई निम्न मिति, समय तथा स्थानमा उपस्थित भई अमूल्य राय सुझाव तथा प्रतिक्रिया दिनका लागि हार्दिक अनुरोध गर्दछौं ।

**स्थानः बुद्धशान्ति गाउँपालिका, वडा नं. ५, खोरखोला गाउँ चोबाटो**
**मितिः २०७८।०७।१४ गते, समयः दिउँसो ३ बजे**



**कोठा बिक्रीमा**

बिर्तामोड शनिश्चरे रोड टाटा शोरुम सँगै ज्याकसहिको कोठा बिक्रीमा छ ।
सम्पर्क नं. ९८१५९५५३६२

**सेक्युरिटी गार्ड चाहियो**

सिभिल तथा EX पुलिस, आर्मी
उमेर : २५-५५ वर्ष (महिला/पुरुष)
सम्पर्क :
सेक्टवान सेक्युरिटी सर्भिस प्रा.लि.
बिर्तामोड पश्चिम बस स्टेण्ड दक्षिण
फोन नं. ९८१७९२६३२२, ९८५२६४१७४०, ९८२४९८२२९६

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।





सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस् ।





सम्पर्कः ०२३-५५२६२०, ९८४२६५५७००, ९८०४९३८१००

**अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा**

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्य (९८४२६२३१५२)

**छापाखाना**

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट | स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ्ग बोर्ड | लेमिनेशन | डिजिटल प्रिन्ट | लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ
लेमिनेशन भिजिटिङ्ग कार्ड चाहिएको छ, हामिलाइ सम्झनुहोस
७ बार १२ महिना सञ्चालनमा
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
अतिथिसदन उत्तरपट्टिको घर
फोन नं. ०२३-५४२१५९, ९८४२६२५३५३/९८१४०३६३४४

**हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई**

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस् ।





सम्पर्कः ९८०८७०५२०६/९८६३९८३६६८, ९८०७९३०७४०/९८४०४९८३५५

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

यस कम्पनीको मिति २०७७/०७/१३ मा सम्पन्न विशेष साधारणसभाको निर्णय अनुसार साविक कम्पनी एस.एम.आर.के विल्डर्स प्रा.लि.को नाममा रहेको सम्पूर्ण चल/अचल सम्पत्ति तथा तिनु–व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिस्टारको कार्यालय त्रिपुरेश्वरको मिति २०७८/०७/०१ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी श्यारोन कन्सल्टेन्ट्स प्रा.लि. कायम गरिएको जानकारी गराइन्छ ।

**साविकको नाम – एस. एम. आर. के. विल्डर्स प्रा. लि.**
**परिवर्तित नाम – श्यारोन कन्सल्टेन्ट्स प्रा. लि. (नं.२१२८००)**
**साविकको ठेगाना : बिर्तामोड नपा वडा नं. ४, झापा**
**हाल कायम ठेगाना : बिर्तामोड नपा वडा नं. ५, झापा**

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।





**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२/९८०१३६४०९३**

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

यस कम्पनीको मिति २०७७/०७/१३ मा सम्पन्न विशेष साधारणसभाको निर्णय अनुसार साविक कम्पनी नगेन्द्रलक्ष्मी आयल सप्लायर्स प्रा.लि.को नाममा रहेको सम्पूर्ण चल/अचल सम्पत्ति तथा तिनु–व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिस्टारको कार्यालय त्रिपुरेश्वरको मिति २०७८/०७/०१ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी नगेन्द्रलक्ष्मी एण्ड कम्पनी प्रा.लि. कायम गरिएको जानकारी गराइन्छ ।

**साविकको नाम – नगेन्द्रलक्ष्मी आयल सप्लायर्स प्रा. लि.**
**परिवर्तित नाम – नगेन्द्र लक्ष्मी एण्ड कम्पनी प्रा. लि. (नं. २१६६०८)**

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

**सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।**

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५






दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**नेपालीहरुको लागि भरपर्दो सेवा**

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले
Royal Enfield को पाट्र्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।


यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली बायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

**UAE मा वैदेशिक रोजगारको अवसर**

कम्पनी : THE COMPETENT GUARDS SECURITY SERVICES | शहर : UAE

पूर्व स्वीकृति मितिः २०७८/०७/०८ | LT No. 249114 | चलानी नं. ६०१६६१७०

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओटी | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | नेरु | | | | |
| १. | Security Guard | 10 | 0 | 1200 | 39,048 | क.नि.अ. | ८ घण्टा | छ/छ | २ वर्ष |

**अन्तरवार्ता मेनपावर कार्यालय बिर्तामोडमा कात्तिक १४ गते (2 Nov.) मा हुनेछ ।**

**Five Star International Overseas Pvt. Ltd.**
GPO Box 8975, EPC 1801 Nakhu Dobato, Lalitpur TelM 5542662, Mob. 9816002129

**उपकार ब्राण्ड**
अब हर घरको शान
स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस् ।
नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
सम्पर्कः ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । उपहारले उत्साह जगाउनेछ । मित्रता र प्रेमको बन्धन कसिनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अतिथिको रूपमा सत्कार प्राप्त हुने समय छ । रमाइलो यात्रा हुन सक्छ । दिउँसोदेखि परिस्थिति अलि बिग्रन सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** सानोतिनो समस्याले अल्झाउनेछ भने स्वास्थ्य प्रतिकूल रहनेछ । व्यवहारमा शुभचिन्तकहरूको भावना बुझ्ने चेष्टा गर्नुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ । दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** मध्याह्नपछि विभिन्न अवसर प्राप्त हुनुका साथै स्थितिमा सुधार आउनेछ । मेहनतले दैनिकीमा परिवर्तन आउनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** प्रियजनसँग भेटघाट हुनुका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ । परिवारजनको साथले मन उत्साहित हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** शुरुमा हल्लाको पछि लाग्दा दुःख पाइनेछ । प्रतिक्षित नतिजा उत्साहप्रद नहुन सक्छ । तापनि लगनशीलताले फाइदा दिलाउनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** नयाँ काम थाल्न केही समय प्रतिक्षा गर्नुहोला । मध्याह्नदेखि भौतिक साधन जुट्नाले दिगो काम प्रारम्भ हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** साहसी काम गरेर लाभ उठाउन सकिनेछ । प्रतिपक्षीहरू समेत सहयोगी बन्नेछन् । नाम, दाम र इनाम प्राप्त हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** हतारमा निर्णय लिने बानीले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला । प्रक्रिया नमिल्नाले काम दोहोऱ्याउनुपर्ने हुन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** भूमि तथा पशुधनबाट लाभ मिल्नेछ । टाढिएका आफन्त नजिकिने छन् । मध्याह्नदेखि पठनपाठनमा प्रगति हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । सुखद् समाचारले उत्साह जगाउनेछ । पढाइलेखाइमा प्रतिभाको कदर हुनेछ ।